नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्



# प्रहरी कार्य एवं अपराध अनुसन्धान सम्बन्धी ई-बुलेटिन

वर्ष १, अंक १ फागुन, २०७५ (मासिक)

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"




प्रहरी प्रधान कार्यालय
कार्य एवं अपराध अनुसन्धान विभाग
© सर्वाधिकार सुरक्षित

**प्रमुख सल्लाहकार**

प्र.अ.म.नि. पुष्कर कार्की

**सल्लाहकार**

प्र.ना.म.नि. पुर्णचन्द्र जोशी

प्र.ना.म.नि. सुर्यप्रसाद उपाध्याय

**सम्पादक मण्डल**

प्र.व.उ. टेकवहादुर तामाङ्ग

प्र.उ. रविन वस्न्यात

प्र.उ. हिरावहादुर पाण्डे

प्र.ना.उ. गजुसिध्दि वज्राचार्य

प्र.ना.उ. सुन्दर तिवारी

प्र.नि. कमल कुमार खड्का

प्र.स.नि. अमित कुमार राय

# बिषय सुचि

| विषय | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | २ – ३ |
| मासिक अपराध तथ्याङ्क | ४ – ५ |
| प्रहरी सेवा प्रवाह | ५ – ६ |
| आसरा सुधार केन्द्र | ६ |
| खोजतलास तथा समन्वय | ७ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | ८ – ९ |
| फैसला कार्यन्वयन | ९ |
| अपराध समाचार | १०–११ |
| केही उत्कृष्ट अनुसन्धान | १२ |
| सचेतनामुलक सन्देश | १३–१४ |

**'शिरमाथि राष्ट्र, नागरिक मनभित्र,**
**जनसेवा कर्तव्य छ, भावना पवित्र'**
**– नेपाल प्रहरी**

# विभागीय गतिविधि

## आसरा सुधार केन्द्र सुनसरी धरान शाखाको समुद्घाटनः




धरान, ३० फागुन

लागू औषध तथा मद्यपानको कुलतबाट जोखिममा परेका युवा वर्गहरूलाई उपचार, परामर्श तथा पुनर्स्थापना मार्फत पुनर्जीवन प्रदान गर्ने उद्देश्यले सुनसरीको धरान, पानबारीमा आसरा सुधार केन्द्रको निर्माण भई समुद्घाटन भएको छ । उक्त भवनको एक विशेष समारोहका बिच संगठन प्रमुख प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले समुद्घाटन गर्नु भयो । आसरा सुधार केन्द्र रानीबारी काठमाडौंको शाखाको रूपमा धरान उप-महानगरपालिका-६ पानबारीमा स्थापना भई समुद्घाटन भएको उक्त भवन नेपाल प्रहरी श्रीमती संघ तथा आसरा सुधार केन्द्रकी अध्यक्ष श्रीमती प्रमिला खनाललाई हस्तान्तरण समेत गरिएको छ ।

२ करोड ३७ लाख रूपैंयाको लागतमा निर्माण सम्पन्न भएको तिन तले भवनमा आवास, बैठक, कार्यालय, जीम, योग तथा कक्षा सञ्चालन हल, पुस्तकालय, परामर्श कक्ष, उपचार कक्ष, कार्यक्रम हल, किचन, डाइनिङ हल, टेलिभीजन कक्ष , शौचालय र स्नान कक्ष उपलब्ध छन् । समुद्घाटन कार्यक्रममा प्रमुख अतिथि प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, आसरा सुधार केन्द्रकी अध्यक्ष श्रीमती प्रमिला खनाल,आसरा सुधार केन्द्रका संरक्षक तथा १ नम्बर प्रदेश प्रहरी प्रमुख केदार रिजाल र आसरा सुधार केन्द्र भवन निर्माण समितिका अध्यक्ष मनोज कुमार मेयाङवोले संयुक्त रूपमा आसरा स्मारिकाको बिमोचन गर्नु भएको थियो । कार्यक्रममा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले भवन निर्माणको लागि निःशुल्क जग्गा दान गर्नु हुने जग्गादातालाई अभिनन्दन गर्नुहुँदै भवन निर्माणमा सहयोग गर्नु हुने महानुभावहरूलाई दोसल्ला ओढाई कदरपत्रले सम्मान गर्नु भएको थियो ।

कार्यक्रममा उहाँले युवाशक्ति दुर्व्यसनमा फसेर जीवन बर्बाद गरिरहेको प्रति चिन्ता व्यक्त गर्दै त्यसको रोकथामका लागि प्रहरी लागिपरेको बताउनु भयो । उहाँले लागू औषध दुर्व्यसनीले एउटा घरको मात्रै नभई समाज र देशकै समस्या निम्त्याईरहेको अवस्थामा दुर्व्यसनीमा फसेका युवाहरूलाई उचित परामर्श तथा उपचार गरी लागू औषध प्रयोगकर्तालाई समजमा पुनर्स्थापना गर्न सकिने बताउनु भयो । कार्यक्रममा आसरा सुधार केन्द्र रानीबारीकी अध्यक्ष श्रीमती प्रमिला खनालले धरानमा आसरा सुधार केन्द्रको शाखाको रूपमा कार्यालय स्थापना गरी सेवा प्रदान गर्न सकिएकामा खुशी ब्यक्त गर्दै दुर्व्यसनीमा फसेका युवा वर्गको मनोबल र आत्मबल अभिबृद्धि गरी लागूपदार्थ प्रति वितृष्णा गराउन यस केन्द्रको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । कार्यक्रममा १ नम्बर प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष राजेन्द्र राउत तथा धरान उप-महानगरपालिकाकी कार्यवाहक नगर प्रमुख मन्जु भन्डारीले शुभकामना मन्तब्य राख्नु भएको थियो, उक्त कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुँदै १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा आसरा सुधार केन्द्र धरानका संरक्षक केदार रिजालले भवन निर्माणमा सहयोग पुर्याउनु हुने सम्पुर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद तथा भवन निर्माण समितिको मुक्तकण्ठले प्रशंसा गर्नुहुँदै लागू औषधको प्रयोग गरी त्यसैको परनिर्भरता बढ्दै गई मानसिक र अन्य जोखिममा परेका युवावर्गलाई उचित परामर्श तथा उपचार गरी पुनर्स्थापना मार्फत समाजको एक प्रतिष्ठित नागरिकको रूपमा पुनर्स्थापना गर्ने जिम्मेवारी अब उक्त केन्द्रको रहेको बताउनुभयो । कार्यक्रममा बिशिष्ट सुरक्षा अधिकारीहरू, प्रमुख जिल्ला अधिकारी, भवन निर्माण समितिका पदाधिकारीहरू, स्थानीयवासी, समाजसेवी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, पत्रकार लगायत करिव ७०० जनाको उपस्थिति रहेको थियो ।

"Say No To Drugs"
-Nepal Police

## प्रशिक्षण एवं छलफलमा सहभागी:

काठमाडौं, २८ फागुन
कार्य एवं अपराध अनुसन्धान विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्की सैनिक कमाण्ड तथा स्टाफ कलेज शिवपुरीमा संचालित उच्च स्तरीय तालिमको अवसरमा २०७५ फागुन २८ गते भएको Panel Discussion on Challenges of National Security at Present Context कार्यक्रममा सहभागी हुनु भई सम्बन्धित विषयमा प्रस्तुति राख्नु भयो । उक्त अवसरमा उहाँले राष्ट्रिय सुरक्षामा आन्तरिक सुरक्षाको जिम्मेवारी वहन गरेको नेपाल प्रहरीको भुमिका, महत्व, राष्ट्रिय सुरक्षालाई सुदृढ गर्नका लागि सुरक्षा निकायबिच हुनुपर्ने आपसी समन्वय लगायतका विषयमा धारणा राख्नु भयो ।




## विपद् व्यवस्थापन आधारभूत तालिम समापन:

काठमाडौं, २ फागुन
राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको तत्वावधानमा विपद व्यवस्थापन महाशाखा सामाखुशीमा संचालित १० औं समूहको विपद व्यवस्थापन आधारभूत तालिम समापन भएको छ ।
उक्त तालिम समापनका अवसरमा आयोजित एक कार्यक्रमबिच सोही महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिलिपकुमार चौधरीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

सो अवसरमा प्रहरी वरिष्ठ उपरीक्षक चौधरीले विपद् व्यवस्थापन गर्न तालिम दिई विपदका बेला उद्धार गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न तालिम आयोजना गरिएको उल्लेख गर्दै तालिममा सिकेका ज्ञान, सीपलाई कार्य क्षेत्रमा उत्कृष्ट तरीकाले प्रयोग गर्न प्रशिक्षार्थीहरूलाई निर्देशन दिनुभयो । तालिममा सिकेका सीप तथा कौशललाई कार्यक्षेत्रमा गई समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदायलाई समेत सिकाउनु पर्नेमा उहाँले जोड दिनुभयो ।

प्रहरी नायव उपरीक्षक ढकेन्द्र खतिवडाले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा प्रहरी नायव निरीक्षक जनार्दन कोइरालाले प्रशिक्षार्थीको तर्फबाट प्रतिबद्धता मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा तालिमको क्रममा सिकाइएका विपद् व्यवस्थापन सम्बन्धी कार्य शैली, प्रशिक्षार्थीका गतिविधि लगायतका विषयमा श्रव्यदृश्य समेत प्रस्तुत गरिएको थियो ।

४० दिन कार्यावधिको उक्त तालिममा प्रहरी नायव निरीक्षक १ र प्रहरी जवान २९ जना गरी कूल ३० जनाको सहभागिता रहेको थियो ।

## ट्राफिक नियन्त्रण तालिम संचालन:

काठमाडौं , १२ फागुन
राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथमा १३१ औं समूहको ट्राफिक नियन्त्रण तालिम शुरू भएको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी उपरीक्षक जयराज सापकोटाले आयोजित एक कार्यक्रमबिच उक्त तालिम उद्घाटन गर्दै तालिममा सिकाइने सैद्धान्तिक र व्यवहारिक ज्ञानले ट्राफिक व्यवस्थापनका समस्या समाधानका लागि सहयोग पुऱ्याउने भएकाले प्रशिक्षार्थीहरूले अनुशासित र लगनशील भएर तालिम हासिल गर्नुपर्ने बताउनुभयो ।


कार्यक्रममा तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै प्रहरी नायव उपरीक्षक पदमबहादुर विष्टले कूल ४५ कार्य दिनको उक्त तालिममा प्रहरी हवल्दार ५ र प्रहरी जवान ६० गरी कुल ६५ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको जानकारी दिनुभयो ।


**"तीव्र गति, जीवन क्षति"**
**–ट्राफिक प्रहरी**


# मासिक अपराध तथ्याङ्क


| २०७५ फागुन महिनाको | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | जम्मा | शीर्षक | जम्मा | शीर्षक | जम्मा | शीर्षक | जम्मा | शीर्षक | जम्मा |
| कर्तव्य ज्यान | ४० | सार्वजनिक अधिकारीको अख्तियारी बिरूद्ध कसुर | ८ | जबरजस्ती करणी उद्योग | ७० | चोरी | २१३ | कुटपिट अंगभंग | १३ |
| ज्यान मार्ने उद्योग | ६२ | मानव वेचविखन तथा ओसारपसार | २४ | बोक्सीको आरोप | ४ | ठगी | ६७ | गौवध | ६ |
| आत्म हत्या गर्न दुरूत्साहन गरेको | ५ | बहु विवाह | ९४ | जातीय भेदभाव तथा छुवाछूत | ४ | कालो बजार | १ | लागू औषध तथा हातहतियार खर खजना | १ |
| आत्महत्या | ४८५ | बाल विवाह | ६ | सवारी ज्यान | १९० | जूवा | ३५ | सङ्गठित अपराध | २ |
| ब्यक्ति अपहरण | ११ | जबरजस्ती करणी | १५५ | सवारी अंगभंग | १९ | खोटा चलन | १ | राज्य विरूद्धको अपराध | २ |
| हातहतियार खरखजना | १८ | बालयौन दुराचार | १६ | आगजनी | ३ | नागरिकता सम्बन्धी | ५ | चन्दा संकलन | १ |
| सार्वजनिक शान्ति बिरूद्ध अपराध | ७५ | जबरजस्ती करणी तथा कर्तव्य ज्यान | १ | विस्फोटक पदार्थ | ४ | सरकारी छाप दस्तखत किर्ते | ८ | विधुतीय कसुर तथा साईवर अपराध | ६ |
| सार्वजनिक हित स्वास्थ्य सुरक्षा बिपरीत कसुर | ७५९ | अपहरण तथा जबरजस्ती करणी | ३ | बम विस्फोटन | १ | लागू औषध | ३३४ | दुरसंचार कसुर, टेलिफोन तार चोरी | १ |
| बैंकिङ कसुर | २९५ | लिखत कसुर | २१ | | | | | | |

## काठमाडौँ उपत्यका तथा प्रदेशहरूको मासिक अपराध तथ्याङ्क प्रस्तुति (फागुन)






# प्रहरी सेवा प्रवाह

## सामुदायिक प्रहरी गतिविधिः

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू (गृह प्रशासन सुधार बुँदा नं. ३७ टोलटोलमा प्रहरी अभियान कार्यक्रम)

| क्र.सं. | कार्यक्रम | फागुन महिनाको |
|---|---|---|
| १ | जनचेतनामुलक कार्यक्रम | १४३९ |
| २ | अभिलेख संकलन | १० |
| ३ | घटित घटना तथा अपराध अनुसन्धानमा सहयोग | ० |
| ४ | शान्ति सुरक्षामा सहयोग | ८९ |
| ५ | सामाजिक कार्य | १८६ |
| कुल जम्मा | | १७२४ |

**गृह प्रशासन सुधार बुँदा नं. ७६ लागूऔषध जनचेतनामुलक कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | फागुन महिनाको |
|---|---|---|
| १ | अन्तरक्रिया कार्यक्रम | ६२ |
| २ | घरदैलो कार्यक्रम | २ |
| ३ | सचेतनामुलक र जनचेतना कार्यक्रम | ११७ |
| ४ | छलफल कार्यक्रम | ४५ |
| ५ | प्रशिक्षण कार्यक्रम | ७८ |
| ६ | र्‍याली कार्यक्रम | ० |
| ७ | लागू पदार्थजन्य बोटविरूवा फडानी कार्यक्रम | ० |
| ८ | पर्चा पम्पलेट | ७ |
| ९ | वृत्त चित्र प्रदर्शन | १३ |
| कुल जम्मा | | ३२४ |

**चालचलन शाखा (चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी मासिक विवरण)**

| क्र.सं. | सम्पादन भएका प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति (वितरण संख्या) |
|---|---|---|
| १ | नेपालमा रहेका व्यक्तिहरू | २०८७४ |
| २ | विदेशमा रहेका व्यक्तिहरू | १४९० |
| ३ | राजदुतावास | १०९ |
| ४ | विदेशी नागरिक | २९ |
| ५ | गृह मन्त्रालय | २८६ |
| ६ | ७ वटै प्रदेश कार्यालयहरु | ९८७ |
| ७ | ईमेल मार्फत | ४९९ |
| ८ | नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल | ९१ |
| ९ | कुल जम्मा | २४२८५ |

# आसरा सुधार केन्द्र

## लागू औषध सेवनकर्ता उपचार विवरण (फागुन, २०७५)

| क्र.स. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत जम्मा संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र, रानिबारी | १४ | २३ | ७७ |
| २ | महिला आसरा सुधार केन्द्र, तिलगंगा | २ | ० | २ |

# खोजतलास तथा समन्वय

## बालबालिका खोजतलास

| देशभर हराएका तथा फेला परेका बालबालिकाको मासिक विवरण: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | | जम्मा हराएका | | | हराएका मध्ये फेला परेका | | |
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| प्रदेश नं. १ | | ७ | २३ | ३० | ५ | ४ | ९ |
| प्रदेश नं. २ | | ८ | ३६ | ४४ | १ | ५ | ६ |
| प्रदेश नं. ३ | उपत्यका | १३ | १० | २३ | ४ | ३ | ७ |
| | उपत्यका बाहेक | १२ | ४२ | ५४ | ६ | २० | २६ |
| गण्डकी प्रदेश | | ९ | १९ | २८ | ३ | ८ | ११ |
| प्रदेश नं. ५ | | १३ | १७ | ३० | ० | ३ | ३ |
| कर्णाली प्रदेश | | १२ | २० | ३२ | ३ | ७ | १० |
| सुदूर पश्चिम प्रदेश | | १४ | २१ | ३५ | ४ | ४ | ८ |
| **जम्मा** | | ८८ | १९१ | २७९ | २६ | ५८ | ८० |

## विदेशी नागरिक सम्बन्धी मासिक विवरण:

| क्र.सं. | विवरण | फागुन |
|---|---|---|
| १ | विदेशी नागरिक मृत्यु | ४ |
| २ | विदेशी नागरिक पक्राउ | - |
| ३ | हराएका विदेशी नागरिकहरू (खोजतलास भइरहेको) | - |
| ४ | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरूको विवरण | ६३८ |

## खोजतलास एवं समन्वय

**पहिचान हुन नसकेका लाशहरूको विवरण :–**

| | पुरूष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|---|
| | २१ | ५ | – | – | – | २६ |
| सनाखत भएका | ३ | – | – | – | – | ३ |

# अपराध अनुसन्धानमा सहायता प्रदान

## Digital Forensic Lab

DFL शाखाबाट फागुन महिना भित्र विभिन्न १८ वटा मुद्दा शीर्षक (विद्युतीय कारोबार, आत्माहत्या, कर्तब्य ज्यान, चोरी, जबरजस्ती करणी, ज्यान मार्ने उद्योग, ठगी, डाँका, दुरूत्साहन, प्राचीन स्मारक, बम विस्फोटन , बहुविवाह, मानव बेचबिखन, लिखत कसुर, मुद्रा कसुर, लागू औषध, सरकारी छाप किर्ते) मा जम्मा १५९ वटा सवुदहरू परीक्षण गरिएको छ ।

## Cyber Crime Co-ordination Cell (C4)

अपराध अनुसन्धानको सिलसिलामा उपत्यका बाहेकका ७४ वटा जिल्ला स्थित प्रहरी कार्यालयहरू बाट माग भई आएका Operational Data हरू दूरसंचार सेवाप्रदायक संस्थाहरूसंग समन्वय गरी जम्मा ११५५६ संख्यामा समयमै सम्बन्धित कार्यालयहरूलाई उपलब्ध जानकारी गराईएको छ ।

## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

२०७५ साल फागुन महिनामा परीक्षणको लागि ८२४ केशहरू प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरू समेत गरी ९२७ सवुद नमुना परीक्षण गरी सम्बन्धित कार्यालयहरूमा रिपोर्ट पठाइएको छ ।

## केनाइन महाशाखा, महाराजगञ्ज

मासिक डिउटी परिचालित संख्या:- ३८४

१. हातहतियार तथा विस्फोटक पदार्थको खोजी (Arms and Explosive Detection Dog):- २८५

२. लागू औषधको खोजी (Narcotic Drugs Detection Dog):- ९३


३. अपराधीको खोजी (Tracker Dog):- ३

४. खोजी तथा उद्दार (Search and Rescue Dog):- ३



## पोलिग्राफ शाखा

**प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाद्वारा फागुन महिनामा जम्मा ५५ (पुरूष ५०, महिला ५) जनाको परीक्षण गरिएको छ ।**




# फैसला कार्यान्वयनको अवस्था

## फैसला कार्यान्वयन सम्बन्धी मासिक प्रगति विवरण:

| | पक्राउ संख्या | जरिबाना | कैद |
|---|---|---|---|
| विशेष अभियान लागु भएका २४ जिल्ला (१४६ जना व्यक्तिहरूलाई जनही तोकिएको जरिबाना र कैदको कुल जम्मा) | १४६ जना | रू. ६८,९६,५७५ | ५९ वर्ष २ महिना ३ दिन |
| विशेष अभियान लागु नभएका ५३ जिल्ला (६६ जना व्यक्तिहरूलाई जनही तोकिएको जरिबाना र कैदको कुल जम्मा) | ६६ जना | रू. ४,२४,६२२ | १४ वर्ष ९ महिना २०दिन |
| केन्द्रीय अनुसन्धान ब्युरो (७ जना व्यक्तिहरूलाई जनही तोकिएको जरिबाना र कैदको कुल जम्मा) | ७ जना | रू. २,६८,१३,५८४ | ७ बर्ष |
| जम्मा (२१९ जना व्यक्तिहरूलाई जनही तोकिएको जरिबाना र कैदको कुल जम्मा) | २१९ जना | रू. १३,९६,३६,२९३ | ८० वर्ष ११ महिना २३दिन |

# अपराध समाचार

## वैदेशिक रोजगार ठगी मुद्धाका फरार प्रतिवादी पक्राउः

काठमाडौं, १२ फागुन
वैदेशिक रोजगार ठगी मुद्धामा फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० बुद्धनगर बस्ने सिन्धुपाल्चोक शिखरपुरका ५५ वर्षीय भरत भन्ने भीमप्रसाद दाहाललाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले नयाँबानेश्वरबाट पक्राउ गरेको छ ।

२०७३ जेठ २४ गते वैदेशिक रोजगारको ब्यवसाय संचालन गर्ने ईजाजत-पत्र विना नै आकर्षक रोजगारीको लागि दक्षिण कोरिया पठाईदिने प्रलोभन देखाई हेमलाल गौतमबाट रू. ३ लाख ५० हजार प्राप्त गरी वैदेशिक रोजगारमा नपठाई प्राप्त गरेको रकम फिर्ता नगरी ठगी गरेका थिए ।

वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणको २०७४ पुस ३० गतेको फैसलाले १ लाख ५० हजार रूपैयाँ जरिवाना र १ बर्ष ६ महिना कैद हुने ठहर भएकोमा भीमप्रसाद उक्त सजाय वेरूजु रही भागी फरार रहेका थिए । उनलाई हर्जाना सहितको बिगो रकम रू. ५ लाख २५ हजार दिलाई दिने फैसला समेत भएको थियो ।

निजलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागि केन्द्रीय कारागार सुन्धारा पठाइएको छ ।

## नक्कली अपहरणमा संलग्न ५ जना पक्राउः

काठमाडौं, १५ फागुन
नक्कली अपहरणमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कलंकी बस्ने रौतहट गौर नगरपालिका-१ स्थायी घर भएका ५१ वर्षीय सत्येन्द्र प्रसाद यादव, सिन्धुली भ्फाङभ्फोली नगरपालिका-३ का २५ वर्षीय अनुप वैद्य, चितवन भरतपुर महानगरपालिका-११ का २५ वर्षीय सुवास तामाङ, तनहुँ भानुका २८ वर्षीय सुदिप थापा र तनहुँ सतिश्वारा गाउँपालिका-१ का २२ वर्षीय सन्दिप ठकुरी रहेका छन् ।
विभिन्न व्यक्तिहरूसँग विभिन्न वहानामा रकम ठगी गर्ने सत्येन्द्रप्रसाद यादव काठमाडौं महानगरपालिका-२ लाजिम्पाटबाट अपहरण भएको भन्ने सूचना प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा काठमाडौं तारकेश्वर नगरपालिका-३ पाँचपानेस्थित रिसोर्टमा साथीहरूसँग बसिरहेको अवस्थामा यादवलाई फेला पारेको थियो । साथै प्रहरीले पक्राउ परेका सत्येन्द्र प्रसादलाई सोधपुछ गर्ने क्रममा आफू अपहरणमा नपरी अपहरण भएको भन्ने वहाना गरेको खुल्न आएको छ ।

## चोरी कार्यमा संलग्न ३ जना पक्राउः

काठमाडौं, २८ फागुन
चोरी गरेको अभियोगमा रामेछाप सुनापाती-५ घर भएका ४१ वर्षीय ओमराज श्रेष्ठ, काठमाडौं महानगरपालिका-३१ पुरानो बानेश्वर डेरा गरी बस्ने भारत मोतिहारी घर भएका ३५ वर्षीय पारस प्रसाद र ३२ वर्षीय सन्तोष पोदारलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका-४ धुम्बाराहीस्थित कर्णबहादुर चौलागाईको हार्डवेयर पसलबाट अपरिचित व्यक्तिहरूले फागुन २१ गते विभिन्न सामानहरू चोरी गरेको घटनाको विशेष अनुसन्धानबाट बा.१ ज २१९२ नम्बरको ट्याक्सी चोरीमा संलग्न भएको खुल्न आए पश्चात ट्याक्सी चालक ओमराज श्रेष्ठलाई महानगरीय प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको थियो । श्रेष्ठलाई सोधपुछ गर्ने क्रममा उनको वयान अनुसार काठमाडौं महानगरपालिका-३१ डेरा गरी बस्ने पारस प्रसाद र सन्तोष पोदारलाई चोरी गरी लुकाई छिपाई राखेका विभिन्न सामानहरू सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूको डेराबाट बाथरूम तथा धारामा प्रयोग गरिने बिभिन्न सामानहरू ३८ बोरा, चाँदीका बिभिन्न किसिमका भाडाकुँडाहरू ९ किलो ५ सय ग्राम र नगद ७० हजार रूपैयाँ तथा सामान ओसारपसार गर्न प्रयोग भएको बा.१४ च ७२६९ नम्बरको भ्यान समेत प्रहरीले बरामद गरेको छ ।

## आधुनिक हातहतियार सहित एकजना पक्राउः

सुनसरी, १५ फागुन
धरान उपमहानगरपालिका-६ पानबारी चोक्टीबाट विभिन्न आधुनिक हतियार सहित मोरङ केराबारी गाउँपालिका-१० बाहुनी

बस्ने ४२ वर्षीय देवकुमार लिम्बु (संगीत) लाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी पानबारी सुनसरीबाट खटिएको प्रहरी चेकिङ टोलीले सवारी साधन जाँच गर्ने क्रममा धरानबाट मोरङको केराबारीतर्फ जाँदै गरेको मे.५ प ७५ नम्बरको मोटरसाइकल जाँच गर्न खोज्दा नरोकी भागेपछि प्रहरीले तत्कालै पिछा गर्दै जाँदा उक्त मोटरसाइकलका चालक लिम्बुलाई मोटरसाइकलमा लुकाई राखेको एलएमजी १ नाल, बाइपोर्ट १ थान, एलएमजी म्याग्जीन २ थान, एएम १६-एटु राईफल १ नाल, त्यसको म्याग्जीन १ थान फेला पारी पक्राउ गरेको हो । तलासीको क्रममा मोटरसाईकलमा चामलको बोराभित्र पलाईउडको बाकस र सो बाकसभित्र कपडाको तन्नाले बेरी लुकाई राखेको अवस्थामा फेला पारी उक्त हतियार र मोटरसाइकल समेत प्रहरीले बरामद गरेको हो ।

## २३ केजी. सुन बरामदः

कंचनपुर, २ फागुन
प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो र ईलाका प्रहरी कार्यालय त्रिभुवनवस्ती कञ्चनपुरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा पुनर्वास नगरपालिका-२ दश रथबस्ती बस्ने शंकर बि.क.को घरभित्र खाल्डोमा लुकाई राखेको अवस्थामा १७.८४ केजी. सुन बरामद गरेपश्चात थप अनुसन्धान गर्ने क्रममा शुक्लाफाँटा नगरपालिका-११ लक्ष्मण तिरूवाको घर छेउको खाल्डोमा ५.६६ केजी. समेत थप सुन समेत गरी जम्मा २३.५० केजी. फेला पारी बरामद गरेको छ ।

बरामद सुनबारे थप अनुसन्धानको क्रममा घटनामा संलग्न निज लक्ष्मण तिरूवा र सोही ठाउँ घर भई जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत प्रहरी जवान सुरज तिरूवालाई प्रहरीले पक्राउ गरेको छ ।

## दुर्लभ वन्यजन्तु चितुवाको छालाको कारोबार गर्ने ३ जना पक्राउः

काठमाडौं, १५ फागुन
चन्द्रागिरी नगरपालिका-१४ कलंकी स्यूचाटारबाट दुर्लभ वन्यजन्तु चितुवाको छाला सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ललितपुर टिकाथली बस्ने सिन्धुलीका ४१ वर्षीय शिखरनाथ चौलागाई, काठमाडौं कलंकी स्युचाटार बस्ने सिन्धुलीका २६ वर्षीय सुमन आले मगर र ललितपुर टिकाथली बस्ने सिन्धुलीका ३१ वर्षीय राजन पहाडी रहेका छन ।
स्युचाटारस्थित घरमा चितुवाको छाला बेचबिखन गर्न केही मानिसहरूले चितुवाको छाला लुकाई राखेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिई सो घर तलासी गर्ने क्रममा झोलाभित्र चितुवाको छाला लुकाईछिपाई राखेको अवस्थामा फेला पारेको हो ।

## जरायोको सिङ सहित पक्राउः

ललितपुर, १९ फागुन
ललितपुर महानगरपालिका-३ च्यासलस्थित डेरा गरी बस्ने सोही जिल्लास्थित कन्ज्योसोम गाउँपालिका-२ शंखुका २७ वर्षीय गोकुल बिकलाई १ थान जरायोको सिङ सहित प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा गोकुलको डेरा कोठामा तलासी गर्दा उक्त जरायोको सिङ महानगरीय प्रहरी परिसर ललितपुरबाट खटिएको प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको हो ।

## सालकको खपटा सहित पक्राउः

काठमाडौं, २२ फागुन
काठमाडौं महानगरपालिका-२६ मित्रनगर मैत्रीटोलबाट १ किलो ७७ ग्राम सालकको खपटा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा स्वयम्भु बस्ने सिन्धुपाल्चोक विशंखु गाउँपालिका-१ का ३१ वर्षीय राज लामा र धादिङ निलकण्ठ नगरपालिका-४ बसाहा घर भई हाल चौमती बस्ने ३० वर्षीय विशाल सुनार रहेका छन् ।

काठमाडौं महानगरपालिका-१५ हलचोक नजिकै केही मानिसहरूले सालकको (वन्यजन्तु) खपेटा विक्री वितरण गर्नको लागि हिंडिरहेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी प्रभाग गोगंबुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

# उत्कृष्ट अनुसन्धान

## जबरजस्ती करणी पश्चात हत्या गरी फरार प्रतिवादी पक्राउ (जिल्ला प्रहरी कार्यालय धनुषा):

२०७५ फागुन १ गते अन्दाजी राति २२:०० बजेको समयमा जिल्ला धनुषा, मिथिला नगरपालिका वडा नं. ३ हरिहरपुर मगर टोल स्थित मौले कामीको उखु काटिसकेको खेतमा जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं. ३ मगरटोल बस्ने देवनरायण रसाईली मगरकी छोरी वर्ष ११ की रेश्मा भन्ने दुतिया रसाईलीलाई हत्या गरी लास लुकाउने लगायतको प्रमाण नष्ट गर्ने उद्देश्यले शव माथि उखुको सुकेको पात, बालिकाको कपडा र चप्पल राखेर लाईटरले आगो लगाई जलाई भागी फरार रहेको प्रतिवादी जिल्ला धनुषा बटेश्वर गाउँपालिका वडा नं. ४ बैगाली टोल बस्ने डाग बहादुर जर्घा मगरको छोरा वर्ष २२ को निरन भन्ने निरज जर्घा मगर (हाम्ली डन) लाई खोजतलास गर्ने क्रममा जिल्ला धनुषा बिदेह नगरपालिका वडा नं. २ दुहवी टोलबाट पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित धनुषा जिल्ला अदालतको आदेशानुसार पुर्पक्षको लागि जलेश्वर कारागार पठाइएको छ ।

## अत्याधुनिक हातहतियार सहित मानिस पक्राउ (जिल्ला प्रहरी कार्यालय कपिलवस्तु):

जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ९ स्थित इलाकामा नेकपा (विप्लव) समुहका कार्यकर्ताहरू लुकी छिपी वसेको र अवैध हातहतियार लुकाई छिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा मिति २०७५ फागुन २३ गते बिहान अं.०६:०० बजेको समयमा यस जिल्ला प्रहरी कार्यालय कपिलवस्तु, व.प्र.का चन्द्रौटा तथा ई.प्र.का सुन्दरीडांडाबाट खटिएको प्रहरी टोली र सशस्त्र प्रहरीको संयुक्त टोलीले खोजतलास गर्दा जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ९ अंचलपुर बस्ने वर्ष ३९ को दुर्गा वहादुर रोकाको घरवाट अवैध चिजवस्तु हातहतियार गोली गट्ठा (१) नं.३१०२०६७० भएको टाईप ५४ चाईनिज पेस्तोल थान १, म्यागजिन थान १, गोली राउण्ड थान ३ (२) SMG थान २ , राउण्ड ६८, (जस मध्ये ४४ राउण्ड म्याग्जिन लोड खाली २४ राउण्ड) म्यागजिन थान ३ (३) ५.५६ क्यालिवरको राउण्ड १३१ पिस (४) अतिरिक्त म्यागजिन थान १ (५) 'अनमोल' लेखेको बोरा भित्र विभिन्न किसिमका तार तथा फलामका नटहरू फेला परेका र कानुन बमोजिम निज दुर्गा वहादुर रोकालाई नियन्त्रणमा लिन खोज्दा निज भागेपछि प्रहरीले गोली चलाउँदा निज दुर्गाबहादुर रोकाको बाँया खुट्टामा गोली लागी घाइते भएको हुंदा निजको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भईरहेको र निज दुर्गाबहादुर रोका उपर अनुसन्धान भइरहेको छ ।

## दुर्लभ वन्यजन्तु रेड पाण्डाको छाला वरामद (जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिम):


२०७५ फागुन १० गते दिउँसो अं. १५:०० बजेको समयमा जिल्ला रूकुम पश्चिम मुसिकोट नगरपालिका वडा नं. १ गिलबाङ भन्ने स्थानमा जिल्ला रूकुमपश्चिम बाफिकोट गा.पा. वडा नं. ३ को लचौर बस्ने वर्ष २३ को विकास बि.क.ले चलाएको ग.५प.११६५ नम्बरको मोटरसाईकलमा निजले बोकेको खैरो रङको झोला चेकजाँच गर्दा सो झोला भित्र दुर्लभ बन्यजन्तु रेडपाण्डाको छाला थान ३ (तीन) लुकाई छिपाई राखेको अवस्थामा फेला पारी मोटरसाईकल सहित छाला बरामद गरी डिभिजन बन कार्यालय रूकुम पश्चिममा पठाईएकोमा प्रतिवादी बिकास बि.क.लाई पुर्पक्षको लागि कारागारमा पठाईएको छ ।



# जनचेतना मुलक सन्देश

## आगलागी हुनुको कारण सम्बन्धी विश्लेषण:

प्रहरी परिचालन कक्षको अभिलेख अनुसार चैत्र, बैशाख र जेष्ठ महिनामा सबैभन्दा बढी आगलागीका घटनाहरू हुने गरेको देखिन्छ । २०७४ साल चैत्र महिनामा देशभर जम्मा २९३ वटा आगलागीका घटनाहरू भएको देखिएको छ । उक्त घटनाहरूको विश्लेषण गर्दा आगलागी हुनाको कारण निम्नानुसार भएको पाईएको छ ।




## आगलागीबाट बच्नका लागि अपनाउन पर्ने केही उपायहरू:

१. सलाई, लाईटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।

२. घरको शयन कक्ष तथा अन्य आवश्यक स्थानहरुमा SMOKE DETECTOR राख्नुहोस् ।

३. SMOKE DETECTOR ले काम गरे नगरेको प्रत्येक महिना चेकजाँच गर्नुहोस् ।

४. अनिवार्य रूपमा घरमा FIRE EXTINGUISHER राख्नुहोस् । प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा सम्पूर्ण परिवारलाई जानकारी गराउनुहोस् । सानो लगानीले ठूलो क्षति हुनबाट बचाउन सक्छ ।

५. आगलागीबाट बच्नको लागि कसरी र कुन बाटो प्रयोग गरेर भाग्ने सम्बन्धमा अभ्यास गर्नुहोस् ।

६. आगलागी भएको अवस्थामा वरपर रहेका व्यक्तिहरूलाई (अलार्म बजाएर वा चिच्यायर) जानकारी गराउनुहोस् । सकभर चाँडै बाहिर निस्कनुहोस् । कहिलै पनि घर भित्र लुक्ने प्रयास नगर्नुहोस् । घर बाहिर निस्किसके पछि सबै परिवार सुरक्षित बाहिर आए नआएको एकिन गर्नुहोस् ।

७. धुँवा भरिएको स्थान भएर बाहिर निस्कनुपर्दा घोप्टो परेर घिस्रेर (FALL & CRAWL) निस्कनुहोस् । जसले गर्दा श्वास प्रश्वासको लागि सहज हुन सक्दछ ।

८. यदि तपाईले लगाएको कपडामा आगोले टिप्यो भने कदापी नदौड्नुहोस् ! दौडिएको अवस्थामा आगो अझ चाँडै बल्ने गर्दछ, त्यसैले रोकिएर आगो निभाएर मात्र भाग्नुहोस् ।

९. आगलागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १००, दमकल सेवा १०१ तथा स्थानीय प्रहरीलाई जानकारी गराउनुहोस् ।

# सावधान !











- डेटोनेटर, बारूद, जिलेटीन लगायतका विस्फोटक सामाग्रीहरूलाई घरेलु प्रविधिबाट सामान्य प्रयोजनका भाडाहरूको प्रयोगगरी तयार गरिएका विष्फोटक वस्तुलाई Improvised Explosive Device (IED) भनिन्छ । जसलाई नेपाली बोलचालको भाषामा बम भनेर समेत बुझ्ने गरिएको छ ।
- प्रेसर कुकर, पाईप, सकेट, बट्टा, बाल्टिन, खेलौना वा अन्य कुनै पनि किसिमका भाडाहरूमा विस्फोटक पदार्थ राखेर IED (बम) बनाईएको हुन सक्दछ ।
- यसरी बनाईएको IED एक स्थानबाट अर्को स्थानसम्म लैजान सहज होस तथा लुकाउ छिपाउको लागि सहज होस भन्ने हेतुले झोला, बोरा, कार्टुन आदिको पनि प्रयोग भएको हुन सक्दछ ।
- शङ्कास्पद वस्तुको आकार हेरेर यसको क्षमता अनुमान गर्न सकिदैंन् ।
- त्यसैले कुनै पनि स्थानमा बेवारिसे अवस्थामा शङ्कास्पद झोला, बोरा, पोका, तार बाहिर निस्किएको वा जोडिएको, स्विच जडान भएको, डोरीले बेरिएको बस्तु, सकेट, पाइप वा अन्य कुनै शङ्कास्पद वस्तु देखेमा नछुनुहोस्, नचलाउनुहोस् ।
- शङ्कास्पद वस्तुको वरिपरि, नजीकमा नजानुहोस् र अरूलाई पनि नजिक नजानको लागि जानकारी गराउनुहोस् ।
- शङ्कास्पद बस्तुको नजीकमा रही मोबाइल या अन्य विधुतीय सामानहरू प्रयोग गर्ने तथा ठूलो आवाज निकाल्ने जस्ता कार्य नगर्नुहोस् ।
- तत्काल नजीकको प्रहरी कार्यालय वा प्रहरी कन्ट्रोलको फोन नम्बर १०० मा जानकारी गराउनुहोस् ।

## तपाईको सुरक्षा, हाम्रो प्रतिबद्धता

## –नेपाल प्रहरी

# कार्य एवं अपराध अनुसन्धान विभाग
# नागरिक सूचना एकाई द्वारा प्रकाशित
# मासिक ई-बूलेटिन

“हर प्रहर गाउँ र नगरी,
टोल–टोलमा नेपाल प्रहरी”

– नेपाल प्रहरी

**प्रहरी प्रधान कार्यालय**
**कार्य एवं अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौं**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com | Web: www.cid.nepalpolice.gov.np | फोन: ९७७१४४१२७४८, फ्याक्स: ९७७१४४१२६२